नयाँ अमेरिकी राजदूतावास निर्माण संबन्धि जानकारी

काठमाडौं स्थित अमेरिकी नियोगले आठ करोड अमेरिकी डलर ($ 80 million) भन्दा बढि को लागतमा महाराजगञ्जमा नयाँ राजदूतावास निर्माण गर्दैछ । यसलाई ब्रम्ह कटेज भनेर पनि चिन्ने गरिन्छ । जून २००७ मा खोल्ने लक्ष्य राखिएको यस परिसरमा अमेरिकी नियोगका सबै विभागहरु : यू.एस्.ए.आई.डी. र कन्सूलर शाखा समेत रहनेछन् ।

राजदूतावासकी व्यवस्थापन प्रमुख मिसेल एस्पर्दिले भन्नुभयो : " यस परियोजनाले नेपाली प्रति अमेरिकी जनताको दिगो सद्भाव दर्शाउँछ ।" यस निर्माणले नेपालको अर्थतन्त्रलाई सिधा फाइदा पुCयाएको उहाँको भनाई छ । यस सम्बन्धि तथ्यहरु यस प्रकार छन् ।

यस अमेरिकी राजदूतावासको निर्माण विदेश विभागको वैदेशिक निर्माण कार्यालयले हेरेको छ । क्याडेल (Caddell) कर्पोरेशन, एक अमेरिकी कम्पनी, यस नयाँ दूतावास निर्माण गर्ने मुख्य ठेकेदार हो । क्याडेलले विभिन्न नौ नेपाली कम्पनीहरु तथा टर्किश कम्पनी एन्का (ENKA) लाई सहायक ठेकेदारको रुपमा लिएको छ । एन्का कर्पोरेशन राजदूतावासहरु निर्माणमा अनुभवि कम्पनी हो । तुर्कि कामदारहरु विशेष सामाग्रीहरुको प्रयोगमा विशेष तकनिकि क्षमता र अनुभव राख्दछन् । ठेकेदारहरुले मिलेसम्म नेपाली नागरिकहरुलाई यस निर्माण कार्यमा प्रयोग गर्ने गरेका छन् । यसको निर्माणमा अहिले ठेकेदारहरुसंग कुल ३५० जना कार्यरत छन् : ति मध्ये १२० तुर्कि र २१० नेपाली छ । यस परियोजनाको विकास हुँदै जाँदा यो संख्या बढ्नेछ ।

परियोजनाको वृतान्त :

- ब्रम्ह कटेजको कूल क्षेत्रफल ६ एकर छ । (6 acres)
- मजबुत ढंगले निर्माण गरिएका यसका भवनहरुमा नेपालस्थित भवनहरु मध्ये सबैभन्दा धेरै भूकम्प प्रतिरोधात्मक क्षमता छ ।
- यो परिसर वातावरण-मैत्रि छ ।
- यस अन्तर्गत निम्न भवनहरु छन् :
  राजदूतावास भवन : चार तल्ले: १०,६५० स्क्वाएर मिटर
  सुरक्षादल भवनहरु : दुई तल्ले ७६७ स्क्वाएर मिटर
  जनपयोगी सेवा भवनहरु

परियोजनाको लागत :

- यस नयाँ राजदूतावासको निर्माणमा आठ करोड डलर भन्दा बढि खर्च लाग्नेछ ।
- यस परियोजनाले ३०० भन्दा बढि नेपालीलाई रोजगारी दिने र नेपाली अर्थतन्त्रमा १ करोड ५० लाखको योगदान दिनेछ ।
- यस परियोजनामा नौ नेपाली सहायक ठेकेदारहरु संलग्न छन् । यी हुन् : चितवन कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग को. नेपाल प्रा. लि. कम्पनी, जय बंगला डि कम्पनी प्रा. लि., सुन्दरी निर्माण सेवा, नेशनल ड्रिलिङ्ग कम्पनी प्रा. लि., माइक्रोटेक एम्. एण्ड ई., सिल्ट कन्सल्टेन्ट्स् प्रा. लि., नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्ट्स् इन्टरनेशनल, रोयल काठमाडौं फाउन्डेसन प्रा. लि. र ट्रान्स हिमालयन एक्स्प्रेस् प्रा. लि. ।
- डिजाइन, माटो विश्लेषण, कंक्रिट टेष्ट, भूकम्प प्रतिरोधात्मक क्षमताको विश्लेषण, हिसाबकिताब, कानुनि सेवा तथा जनसम्पर्कमा क्याडेलले नेपाली परामर्शदाताहरुको प्रयोग गरेको छ ।
- विभिन्न नेपाली आपुर्तिकर्ता तथा वितरकहरुले निर्माण सामग्री जस्तै बालुवा, काठ, माटो, मल, बोटविरुवा, कार्यालय सामाग्रीहरु तथा साना औजारहरु ढुवानी गरेका छन् ।
- क्याडेलले स्थानिय ढुवानी तथा आपुर्तिकर्ताहरु मार्फत विदेशबाट ल्याइएको सामानहरु ल्याउने गरेका छन् ।
- १२० तुर्कि कामदारहरुका लागि क्याडेलले एक ठुलो होटल भाडामा लिएको छ । साथै बस्न तथा अफिसका लागि अरु घरहरु, अपार्टमेन्ट र होटलहरु लिइएको छ ।